# स्थानीय राजपत्र

## पाटन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पाटन, बैतडी

सदुरपश्चिम प्रदेश, नेपाल

## पाटन नगरपालिकाको "दलित विकास समिति गठन र कार्य सञ्चालन कार्यविधि, २०८१"

**भाग २ , खण्ड ८ , संख्या १**

**कार्यपालिकाबाट स्वीकृत मिति : २०८१/०३/०९**

**प्रकाशन मिति: २०८१ असार ३१ गते सोमबार**

नगर प्रमुख

नगर प्रमुख

## पाटन नगरपालिकाको "दलित विकास समिति गठन र कार्य सञ्चालन कार्यविधि २०८१"

प्रस्तावनाः नेपालको संविधानको प्रस्तावनामा उल्लेखित जातिय विभेद अन्त्य गरी समतामुलक समाज निर्माण गर्ने भन्ने प्रावधान एवम् स्थानीय सकार सञ्चालन ऐन, २०७४ को दफा ११ (च) मा उल्लेखित सामाजिक सुरक्षा र गरिबी निवारण गर्ने भन्ने उद्देश्य बमोजिम एक दलित विकास समिति गठन गरी दलितको उत्थान र विकास गर्न आवश्यक देखिएकोले उक्त समिति गठन गर्न एक कार्यविधि निर्माण गरी लागु गर्न वान्छनीय भएकोले पाटन नगरपालिकाले यो कार्यविधि निर्माण गरी लागु गरेको छ ।

### परिच्छद-१

### प्रारम्भिकः

१ (१) संक्षिप्त नाम र प्रारम्भः यो कार्यविधको नाम "दलित विकास समिति गठन र सञ्चालन कार्यविधि, २०८० " रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२ परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा "दलित" भन्नाले नेपालको संविधान र प्रचलित कानुन बमोजिम दलितको सूचीमा सूचीकृत जाति सम्झिनुपर्छ ।

"समिति" भन्नाले नगरपालिकाद्वारा गठित दलित विकास समिति सम्झिनुपर्छ ।

"अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झिनुपर्छ ।

"उपाध्यक्ष" भन्नाले समितिको उपाध्यक्ष सम्झिनुपर्छ ।

"सदस्य" भन्नाले समितिको सदस्य सम्झिनुपर्छ र सो शब्दले अध्यक्ष तथा उपाध्यक्षलाई समेत जनाउनेछ ।

"कर्मचारी" भन्नाले दलित विकास समितिको कर्मचारी सम्झिनुर्छ ।

### परिच्छेद-२

### समितिको गठनः

३ (१) नगर कार्यपालिकाले तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरु रहेको एक, सात सदस्यीय समिति गठन गर्नेछ ।

(क) अध्यक्ष १ जना

(ख) उपाध्यक्ष १ जना

(ग) सदस्य एक महिला सहित ५ जना

(२) मनोनित पदाधिकारी र सदस्यको कार्यकाल ३ वर्षको हुनेछ र कार्यकाल सकिएपछि कुनै पदाधिकारी वा सदस्यलाई पुनः नियुक्ति गर्न पनि सकिनेछ । तर तीन वर्ष अगाबै कसैलाई हटाइने छैन ।

नगर प्रमुख

(३) नगर कार्यपालिकाका दलित प्रतिनिधिहरु यो समितिका सल्लाहाकार हुनेछन र बजेट विनियोजन गर्ने बैठकमा उनीहरुलाई अनिवार्य रुपमा आमन्त्रित गर्नु पर्नेछ ।

## परिच्छेद - ३

## सदस्यको योग्यताः

४. दलित विकास समितिमा मनोनित हुने सदस्यहरुको योग्यता तपशिल बमोजिम हुनेछ ।

(क) नेपालको नागरिक

(ख) १८ वर्ष उमेर पुरा भएको

(ग) सम्बन्धित नगरपालिकामा कुनै आर्थिक स्वार्थ वा तिर्नु बुझाउनु नरहेको

(घ) कुनै कानुनले अयोग्य नभएको

## परिच्छेद-४

## समितिको काम, कर्तव्य र अधिकारः

५. दलित विकास समितिको काम, कर्तव्य र अधिकार तपशिल बमोजिम हुनेछ ।

(१) नगरपालिका भित्रका दलित समुदायको तथ्यांक संकलन गर्ने ।

(२) दलित वर्गको विकासका लागि सिपमुलक, आयमुलक, रोजगारमुलक र आत्म निर्भर हुने खालका कार्यक्रम संचालन गर्ने।

(३) दलित वर्ग माथि पर्न गएको अन्याय, अत्याचार र छुवाछुत विरुद्ध आवाज उठाउने र सम्बन्धित निकायमा आवश्यक कारवाही गर्ने गराउने

(४) दलित वर्गको धर्म, सांस्कृति र परम्पराको संरक्षण र सम्वर्द्धन गर्ने ।

(५) दलित वर्गको हकहित संरक्षण, उत्थान र विकासको लागि अन्य सबै खालका क्रियाकलाप गर्ने ।

(६) दलित युवा युवतीको लागि रोजगारमुलक कार्यक्रमहरु संचालन गरी गरिवी निवारण गर्न प्रयत्नशिल रहने ।

## परिच्छेद-५

## अध्यक्षको काम, कर्तव्य र अधिकारः

६. समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार तपशिल बमोजिम हुनेछ ।

(१) समितिको अध्यक्ष भई नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

(२) बैठकको अध्यक्षता गर्ने ।

नगर प्रमुख

(३) सात दिन सम्मको काज आफै स्वीकृत गर्ने ।

(४) सदस्य तथा कर्मचारीलाई काजमा खटाउने ।

(५) मत बराबर भए निर्णायक मत दिने ।

(६) समितिको तर्फबाट गर्नु पर्ने अन्य सबै काम गर्ने ।

उपाध्यक्षको काम, कर्तव्य र अधिकार तपशिल बमोजिम हुनेछ ।

(१) अध्यक्षको अनुपस्थितिमा कार्यवाहक अध्यक्ष भई काम गर्ने ।

(२) समिति र अध्यक्षले प्रत्यायोजन गरेको अन्य कार्य गर्ने ।

## परिच्छेद-६

## समितिको कोष र आर्थिक प्रणालीः

७. दलित विकास समितिको एक छुट्टै कोष रहनेछ । जसमा तपशिल बमोजिमका रकम रहनेछन ।

(१) नगरपालिकाबाट कार्यक्रमको लागि प्राप्त अनुदान ।

(२) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान ।

(३) कुनै राष्ट्रिय, अन्तराष्ट्रिय, संघ/संस्थाबाट प्राप्त सहयोग ।

(४) कुनै आयआर्जन क्रियाकलापबाट प्राप्त रकम ।

(५) अन्य कुनै व्यक्ति वा संस्थाबाट प्राप्त दान दातव्य ।

## परिच्छेद-७

## बैठक र कार्य प्रणालीः

८ (१) अध्यक्षको निर्देशनमा समितिको निर्देशकले बैठक बोलाउनेछ ।

(२) पचास प्रतिशत गणपुरक संख्या उपस्थित भएमा बैठक बस्नेछ ।

(३) बैठकको कार्यविधि समितिले आफै निर्धारण गर्ने छ ।

(४) निर्णय सर्वसमितिले हुनेछ तर सर्वसमिति हुन नसकेमा बहुमतको निर्णय अन्तिम हुनेछ

(५) समितिका सदस्यले नगरपालिकाका सदस्य सरह बैठक भत्ता पाउनेछन ।

(६) निर्णय प्रमाणित समितिको अध्यक्षले गर्नेछ ।

नगर प्रमुख

## परिच्छद-८

## कर्मचारी सम्बन्धी व्यवस्थाः

९. (१) समितिको एक कार्यालय रहने छ। जसमा तपशिल बमोजिमका कर्मचारी रहनेछन ।

(क) नेपाल निजामति सेवा ऐनको ना.सु. सरहको एक जना निर्देशक ।

(ख) खरिदार वा सह लेखापाल एक जना ।

(ग) कार्यालय सहयोगी एक जना ।

(घ) कर्मचारीको नियुक्ति अध्यक्षको प्रस्तावमा समितिले गर्नेछ ।

(ङ) कर्मचारीको पारिश्रमिक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(च) कर्मचारीहरुले अध्यक्षको प्रत्यक्ष निर्देशनमा रही कामकाज गर्नु पर्नेछ ।

(छ) निर्देशकले समितिको सदस्य सचिव भै काम गर्नेछ ।

## परिच्छेद-९

## विविधः

१०. (१) नगरपालिकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) समितिको लेखा प्रणाली नगरपालिकाले तोके बमोजिमको हुनेछ ।

(३) कार्यविधिमा उल्लेख नभएको कुनै कार्य गर्नु परेमा समितिले निर्णय गरी गर्न सक्नेछ ।

(४) समितिले गरेका कार्यहरुको अनुगमन र निरिक्षण नगर कार्यपालिकाका दलित सदस्यहरुले पनि गर्नेछन ।

(५) समितिको एक छुट्टै छाप हुनेछ ।

(६) समितिका पदाधिकारी र सदस्यहरुले नगर प्रमुख समक्ष पद तथा गोपनियताको शपथ ग्रहण गर्नेछन ।

(७) राजीनामा दिनु परेमा समितिका सदस्यहरुले अध्यक्ष समक्ष र अध्यक्षले नगर प्रमुख समक्ष दिनु पर्नेछ ।

प्रमाणित गर्ने
गौरी सिंह रावल
नगर प्रमुख